# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, माघ १ गते २०६५ साल (अतिरिक्ताङ्क ४३

## भाग ३

### नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

**राष्ट्रिय प्रसारण (तेस्रो संशोधन) नियमावली,२०६५**

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनिय भएकोले, राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१)यी नियमहरूको नाम "राष्ट्रिय प्रसारण (तेस्रो संशोधन)नियमावली,२०६५" रहेको छ ।

२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा संशोधनः राष्ट्रिय प्रसारण नियमावली, २०५२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छ :-

1281

"११. प्रसारण तथा वितरण शुल्कः (१) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले प्रसारण शुल्क बापत देहाय बमोजिमको रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र नेपाल सरकारलाई बुझाउनु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मुनाफा आर्जन गर्ने उद्देश्य लिई कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले आर्जन गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम,

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि केबुलद्वारा कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्ति, बढीमा पाँचसय वाट सम्म क्षमता भएको मुनाफा आर्जन नगर्ने उद्देश्यले खडा भएका प्रसारण संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको संस्थाले आफूले आर्जन गरेको वार्षिक कूल आम्दानीको दुई प्रतिशतले हुने रकम ।

स्पष्टीकरण :- यस खण्डको प्रयोजनको लागि "मुनाफा आर्जन नगर्ने प्रसारण संस्था " भन्नाले संस्था दर्ता सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भई प्रसारण संस्थाको रुपमा इजाजतपत्र प्राप्त प्रसारण संस्थालाई जनाउँछ ।

(२) उपनियम (१) बमोजिम प्रसारण शुल्क बुझाउँदा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन प्रसारण शुल्क साथ पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रसारण शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने प्रसारण संस्था वा व्यक्तिका सम्बन्धमा नेपाल सरकारले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) नेपाल सरकारबाट उपलब्ध गराउने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न ,

(ख) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) सरकारी भ्रमण दलमा सहभागी नगराउन ।

(घ) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

(४) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले उपभोक्तासँग लिनु पर्ने शुल्क त्यस्तो संस्था वा व्यक्तिको वास्तविक रुपमा हुन गएको खर्च समेतका आधारमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ । "

३. **मूल नियमवालीको नियम १६ मा संशोधन** : मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१),(२) र (३) को सट्टा देहायका उपनियम (१) (२) र (३) राखिएका छन्:-

"(१) इजाजतपत्र तथा अनुमतिपत्रको अवधि एक बर्षको हुने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गराउन चाहने प्रसारण संस्था वा व्यक्तिले इजाजतपत्र वा अनुमतिपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नियम ११ बमोजिम बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको प्रसारण तथा वितरण शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र वा अनुमतिपत्र नवीकरणको लागि अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र वा अनुमतिपत्र नवीकरणको लागि निवेदन प्राप्त भएमा मन्त्रालयले मुनाफा आर्जन गर्ने उद्देश्य लिई कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्ति भए इजाजतपत्र वा अनुमतिपत्र दिंदा लाग्ने दस्तुरको आधा दस्तुर लिई र केबुलद्वारा कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्ति, बढीमा पाँचसय वाट सम्म क्षमता भएको मुनाफा आर्जन नगर्ने उद्देश्यले खडा भएका प्रसारण संस्था वा सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको प्रसारण संस्था भए इजाजतपत्र वा अनुमतिपत्र दिंदा लाग्ने दस्तुरको दश प्रतिशतले हुने रकम लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

" (५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि इजाजतपत्र वा अनुमतिपत्र प्राप्त कुनै प्रसारण संस्था वा व्यक्तिले बढीमा ५ बर्षको लागि एकै पटक इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न चाही मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले प्रत्येक बर्षको लागि उपनियम (३) बमोजिमको दस्तुर लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरिदिन सक्नेछ । यसरी एक बर्ष भन्दा बढी अवधिको लागि एकैपटक इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्दा लाग्ने दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ ।

४. वचाउ : यो नियमावली प्रारम्भ हुँदाका बखत नवीकरण भई नसकेका कुनै प्रसारण संस्था वा व्यक्तिले यो नियमावली प्रारम्भ भएको मितिले ३ महिनाभित्र नवीकरण गर्न निवेदन दिएमा नियम १६ को उपनियम (४) बमोजिमको शुल्क लिई एकपटकको लागि नवीकरण गर्न सकिनेछ । "

**आज्ञाले,**
**लीलामणि पौड्याल**
**नेपाल सरकारको सचिव**

1283



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

1284

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।